# रिब्दीकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9857078307
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np


प.सं. २०८१/०८२
च.नं. ४८८

मिती २०८१/०७/२९

श्री वडा कार्यलयहरु सबै,
रिब्दीकोट गाउँपालिका खस्यौली,पाल्पा ।

रिब्दीकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खस्यौली, पाल्पा लुम्बिनी प्रदेश,नेपाल स्था. २०७३

विषय: तालिममा सहभागी हुन इच्छुकको निवेदन संकलन गरी पठाइदिनु हुन ।

प्रस्तुत विषयमा आ.व ०८१/०८२ मा स्वीकृत गरिवी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम अन्तरगत ८ दिने उद्यमशीलता विकास तालिम र उक्त तालिम पश्चात सो तालिममा सहभागी हुनेहरुलाई हाउस वाइरिङ, पलम्विङ, बाइक सर्भिसिङ लगायतका अन्य मागमा आधारित छोटो, मध्यम र लामो तालिम संचालन गरिने भएकोले उक्त तालिम कार्यक्रममा सहभागी हुन इच्छुक त्यहाँ वडाका नागरिकहरुबाट यसै पत्रसाथ संलग्न ढाँचाको निवेदन आव्हान र संकलन गरी वडाको सिफारिस सहित मिती २०८१/०८/१० गते भित्र यस कार्यलयमा एकमुष्ट रुपमा पठाउनु हुन अनुरोध छ । पालिकामा निवेदन संकलन भए पछि तालिममा सहभागी गराउन सकिने संख्याको एकिन गरी गाउँपालिकाबाट सहभागीको नाम छनौट गरिनेछ ।

**निवेदनमा खुलाउनुपर्ने बिषयहरु :–**

१) यस अघि कुनै किसिमको तालिम लिए / नलिएको, यदि लिएको भएमा कति अवधिको कुन तालिम लिएको हो, सो को विवरण ।

२) यस तालिम कार्यक्रम अन्तरगत ८ दिने उद्यमशीलता विकास तालिम पश्चात शिप विकास तालिम अन्तरगत कुन तालिम लिन इच्छुक हो, सो तालिमको नाम ।

३) नागरिकताको प्रतिलिपी समेत निवेदनमा संकलन गर्नु पर्ने ।

उक्त सबै तालिमहरु गाउँपालिकाको कार्यलयमा संचालन गरिने तथा सहभागीहरुलाई खाजाको व्यवस्था वाहेक अन्य सेवा सुविधाको व्यवस्था नभएको व्यहोरा समेत अनुरोध छ ।

२०८१/७/२९

(लेखनाथ पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

9857078307
info@ribdikotmun.gov.np
www.ribdikotmun.gov.np


प.सं. २०८१/०८२
च.नं.

**तालिममा सभागी हुन इच्छुक व्यक्तिले वडामा पेश गर्ने निवेदनको ढाँचा :**

श्री ... नं. वडा कार्यालय,
रिब्दीकोट गाउँपालिका।

विषय : सिफारिस गरिदिनु हुन।

उपरोक्त सम्बन्धमा  लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रिब्दीकोट गाउँपालिकामा संचालन हुने ८ दिने उद्यमशिलता विकास तालिममा सहभागी भई तत्पश्चात सिप विकास तालिम अन्तर्गत .................(तालिमको नाम उल्लेख गर्ने)........ तालिममा सहभागी हुन इच्छुक भएकोले तालिममा सहभागी गराउन गाउँपालिकालाई सिफारिस गरिदिनुहुन अनुरोध छ।

**व्यक्तिगत विवरण :**

नाम:

ठेगाना :

यस अघि तालिम लिए/नलिएको:

तालिम लिएको भए तालिमको नाम र अबधि:

निवेदक